# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ५ शुद्धोधन, फागुन १८ गते, २०७८ साल संख्याः १०

भाग : २

## शुद्धोधन गाउँपालिकाको विपन्न, असहाय, असक्त तथा अपांङ्ग लाई आर्थिक सहायता तथा निः शुल्क स्वास्थ्य विमा निर्देशिका, २०७८

**प्रस्तावना :**

यस शुद्धोधन गाउँपालिका भित्र वसोवास गर्ने असक्त, अपाँङ्ग, विपन्न नागरिकहरुलाई न्यायोचितरुपमा औषधी उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराउन र स्वास्थ्य विमाको माध्यम मार्फत स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउन स्थानीय स्तरवाट तथा अन्य निकाय मार्फत विनियोजित रकमको वैध, पारदर्शी र जवाफदेही बनाउन बान्छनीय भएकोले।

शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि शुद्धोधन गाउँपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ। कार्यालयले यो निर्देशिका बनाएको छ।

१. **संक्षित नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "शुद्धोधन गाउँपालिकाको विपन्न, असहाय, असक्त तथा अपांग लाई आर्थीक सहायता तथा निःशुल्क स्वास्थ्य विमा सम्वन्धि निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "अस्पताल" भन्नाले यस निर्देशिकाको अनुसुची –१ मा उल्लेख भएका अस्पतालहरु संम्भनु पर्दछ र सो शब्दले समय समयमा विशेषज्ञ चिकित्सक सहितको संयुक्त अनुगमन टोलीको सिफरिसमा मन्त्रालय ( सचिवस्तर) को निर्णयवाट र साथै स्थानिय स्तरमा उपलब्ध प्राथमिक स्वास्थ्य केन्द्रलाई समेत जनाउने छ।

(ख) "कडारोग" भन्नाले मुटुरोग,मृगौला रोग, क्यान्सर, पार्किन्सन्स,अल्जाइमर्स,स्पाईनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र थाइराइड रोग सम्भनु पर्दछ।

(ग) विपन्न, असहाय, असक्त तथा अपांङ्ग भन्नाले दफा ...को...उपदफा ......बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरीव परिवार परिचय पत्र वाहक विपन्न विरामी नागरिक संम्भनु पर्दछ।

(घ) "सिफारिस समिति" भन्नाले दफा ३ को उपदफा ४मा गठित सिफरिस समिति सम्भनु पर्छ।

(ङ) "आर्थिक सहायता" भन्नाले सिफारिस समितिले सिफरिस गरेको ब्याक्तिलाई आर्थिक प्रशासन शाखा मार्फत भुक्तानि हुने रकमलाई संम्भनु पर्छ।

(च) शाखा भन्नाले गाउँ कार्यपालीका अर्न्तरगतको स्वास्थ्य शाखा संम्भनु पर्छ।

(छ) स्थानीय तह भन्नाले यस निर्देशिकामा शुद्धोधन गाँउपालिकालाई संम्भनु पर्छ।

(ज) आर्थिक प्रशासन शाखा भन्नाले शुद्धोधन गाँउपालिकाको आर्थिक प्रशासन शाखालाई जनाउने छ।

झ) स्वास्थ्य विमा भन्नाले मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा लागु भएको प्राथमिक तहको स्वास्थ्य विमा कार्यक्रमलाई जनाउने छ।

३. विपन्न,असहाय,असक्त तथा अपांङ्गलाई आर्थीक सहायता दिने तथा निःशुल्क स्वास्थ्य विमा गरीदीनेः(१) आर्थिक रुपले विपन्न,असहाय,असक्त तथा अपांङ्ग नागरीकले दफा २ को खण्ड (ख)वमोजीमका रोगहरुको उपचार नेपाल भित्र गराउँदा उपदफा (४) बमोजिमको समितिको सिफारिसमा अनुसुची ४.वमोजिमको उचार सहुलियत रकम आर्थिक प्रशासनशाखावाट प्राप्त गर्ने छ।

(२)विपन्न,असहाय,असक्त तथा अपांग नागरिकले औषधि उपचार सहुलियत प्राप्त गर्न वा निःशुल्क स्वास्थ्य विमको सेवा लिन अनुसुचि २ बमोजिम स्थाई बसोवास गरेको वार्डमा फारम भरि सिफारिस लिनु पर्ने छ र उपदफा (४) वमोजिमको समितिमा पेश गर्नु पर्ने छ।

४. आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियत र निःशुल्क स्वास्थ्य विमा सेवा उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न यस गाँउपालिकामा देहाय वमोजिमको सिफारिस समिति हुने छ।

(क) गाँउपालिका अध्यक्ष वा प्रमुख –संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
(ग) सामाजिक विकास समिति संयोजक –सदस्य
(घ) स्वास्थ्य संयोजक (स्वास्थ्य शाखा प्रमुख) –सदस्य सचिव

(५) उपदफा (४) वमोजिमको समितिको काम ,कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) विपन्न,असहाय,असक्त तथा अपाङ्ग नागरिकले उपचारको लागि वा उपचार गराईरहेको कागजात सहित दिएको वडामार्फत प्राप्त भएको निवेदन संकलन गर्ने।

(ख) तोकिएको समय भित्र आनुसुचीं.५को ढाचाँमा निणर्य गर्ने।

(ग) सिफारिस समितिवाट आर्थिक सहायता तथा निःशुल्क स्वास्थ्य विमा सम्वन्धि निणर्य गर्दा विरामी वा विरामीको हकदारले सूचीकृत अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा भएपनि आर्थिक सहायता उपलब्ध गराई पाठाउनु पर्ने

(घ) सिफारिस समितिले मुटुरोग,मृगौला रोग, क्यान्सर, पार्किन्सन्स,अल्जाइमर्स,स्पाईनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र थाइराइड, मधुमेह रोगको औषधी लामो समयसम्म खानुपर्ने आर्थीक रुपले विपन्न विरामी रहेछ भनेपनित्यस्तो खालको विरामीलाई अनुदानको लागि आर्थीक प्रशासन शाखामा सिफारिस गर्न सकिने।

(ङ) सिफारिस गर्दा एक आर्थीक वर्षमा एक जनालाई दफा २ को खण्ड (ख)वमोजीमको रोगको लागि एकपटक मात्र सिफारीस गर्नसक्ने।

(च) सिफारिस समितिको वैठक महिनाको १ पटक वा आवस्यकता अनुसार वस्नेछ।

४. **सेवा लिने प्रकिया :** (१) विपन्न,असहाय,असक्त तथा अपांग नागरिकले गाउँपालिका मार्फत आर्थिक सहायता लिनको लागि अनुसुची २ वमोजिमको ढाँचामा सम्वन्धित वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयवाट सिफारिस लिनु पर्ने छ । साथै निःशुल्क स्वास्थ्य विमा गराएका ब्याक्तिहरुले सेवा लिदाँ स्वास्थ्य विमाले तोकेको मापदण्ड पुरा गर्नुपर्ने छ।

(२) उपदफा (१) वमोजीमको आर्थिक सहायताको लागि सिफारिस लिदाँ, चिकित्सकको प्रेस्कृप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र निवेदन गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्ने छ।

(३) उपदफा (२) वमोजीमको निवेदन तथा आवश्यक कागजात प्राप्त गरी जाँचवुभ्र गरिसकेपछी निवेदकलाई औचित्यताको आधारमा सिफारिस समितिको वैठकले निणर्य गर्नेछ।

(४) गरीव परिवार परिचयपत्र भएका विरामीहरुका लागी उपदफा (१) र (२) को विपन्नता सिफारिस आवश्यक छैन।

(५) विपन्न,असहाय,असक्त तथा अपांग नागरिकलाई आर्थिक सहायता नगद वा चेक मध्ये कुनै एक माध्यम मार्फत भुक्तानी दिईने छ।

५. **अभिलेख तथा प्रतिवेदन :** (१) विरामीको औषधि उपचार सम्वन्धि अनुदान रकमको अभिलेख रष्जिटर वनाई राख्ने गर्नु पर्दछ।

(२) सिफारिस समिति मार्फत अनुदानको लागि सिफारिस भएका विरामीहरुको विवरण अभिलेख रजिष्टरवाट मासिक रुपमा उतार गरी सामाजिक विकास समितिमा अनुमोदनको लागी पेश गर्नु पर्नेछ।

६. **निरीक्षण, अनुगमन तथा मूल्यांकन सम्वन्धी ब्यावस्था :** (१) विपन्न,असहाय,असक्त तथा अपांग नागरिकलाई औषधी उपचारकोलागी अनुदान प्रदान गर्ने तथा निःशुल्क स्वास्थ्य विमा कार्यको अनुगमन शुद्धोधन गाँउपालिका अर्न्तरगतको सामाजीक विकास समितिले गर्नुपर्ने छ।

७. **कारवाही हुने :** (१) यस निर्देशिका विपरित कार्य गर्ने सम्वन्धीत वडाको पदाधिकारी,वा कर्मचारी,सिफारिस समिति लाई निजको सेवा शर्त सम्वन्धी प्रचलीत कानुन वमोजीम कारवाही हुनेछ।

. खारेजी/वचाउ : (१) विपन्न,असहाय,असक्त तथा अपांग नागरिकलाई आर्थिक सहायता तथा निःशुल्क स्वास्थ्य विमा निर्देशिका २०७८ वमोजीम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजीम भए गरेको मानिने छ।

**अनुसूची १**

दफा २ को खण्ड (क) संग सम्वन्धित

विपन्न नागरीक हरुलाई औषधी उपचारका लागि सुचीकृत गरिएका अस्पतालहरु

| सि.न | सस्थाको नाम | रोग |
|---|---|---|
| १ | चि.वि.रा.प्र. वीर अस्पताल ,महावौद्ध ,काठमाण्डौं | मुटुरोग, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स,अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| २ | त्रि.वि शिक्षण अस्पताल , महाराजगंज, काठमाण्डौं | मुटुरोग, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ३ | पटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,पाटन, ललितपुर | मुटुरोग, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ४ | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | मुटुरोग, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ५ | परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल थापाथली काठमाण्डौं | क्यान्सर |
| ६ | कान्ति वाल अस्पताल महाराजगंज काठमाडौं | मुटुरोग, मृगौला रोग,क्यान्सर, |
| ७ | शहिद गंगालाल राष्ट्रिय हृदयकेन्द्र वासवारी काठमाण्डौ । | मुटुरोग |
| ८ | निजामती कर्मचारी अस्पताल, मिनभवन ,काठमाडौं | क्यान्सर, सिकल सेल एनिमिया |
| ९ | मनमोहन कार्डीयो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज काठमाडा | मुटुरोग,क्यान्सर, |
| १० | वि.पि कोइराला मेमोरीयल क्यान्सर अस्पताल भरतपुर, चितवन | क्यान्सर, |
| ११ | मानव अंग प्रप्यारोपणकेन्द्र भक्तपूर | मुटुरोग, मृगौला रोग |
| १२ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,पोखरा, कास्कि | डाइलियासिस |
| १३ | नारायणी उप क्षेत्रीय अस्पताल विरगंज, पर्सा | डाइलियासिस |
| १४ | राप्ती उप क्षेत्रीय अस्पताल घोराही दांङ | डाइलियासिस, सेल एनिमिया |
| १५ | कोशि अंचल अस्पताल, विराटनगर, मोरङ | डाइलियासिस, क्यान्सर, |
| १६ | जनकपुर अंचल अस्पताल , जनकपुर,धनुषा | डाइलियासिस |
| १७ | भेरी अन्चल अस्पताल , नेपालगन्ज वाँके | डाइलियासिस, सिकल सेल एनिमिया |
| १८ | लुम्विनी अंचल अस्पताल , वुटवल ,रुपन्देही | सिकल सेल एनिमिया |
| १९ | सेति अंचल अस्पताल, धनगढी , कैलाली | डाइलियासिस, सिकल सेल एनिमिया |

| | | |
|---|---|---|
| २० | नेपाल मेडीकल कलेज जोरपाटी काठमाण्डौं | डाइलियासिस, |
| २१ | गण्डकी मेडीकल कलेज,पोखरा कास्की | डाइलियासिस, |
| २२ | यूनिभर्सल कलेज अफ मेडीकल साइन्स, भैरहवा, रुपन्देही | डाइलियासिस, |
| २३ | चितवन मेडीकल कलेज, शिक्षण अस्पताल चितवन | मुटुरोग, डाइलियासिस,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| २४ | कलेज अफ मेडकल साइन्स, भरतपुर चितवन | मुटुरोग, डाइलियासिस, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| २५ | नेपालगंज मेडीकल कलेज, नेपालगंज वांके | मुटुरोग, डाइलियासिस,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| २६ | मणिपाल शिक्षण अस्पताल पोखरा कास्कि | मुटुरोग, डाइलियासिस,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| २७ | भक्तपुर क्यान्सर अस्पताल भक्तपूर | क्यान्सर |
| २८ | राष्ट्रिय मृगौला उपचार केन्द्र ,मृगस्थली काठमाण्डौं | डाइलियासिस, |
| २९ | गोल्डेन अस्पताल प्रा.ली विराटनगर मोरड | हेड इन्जुरी,स्पाईनल इन्जुरी, डाइलियासिस, |
| ३० | वि.एण्ड वि अस्पताल ग्वार्खो ललितपुर | डाइलियासिस, क्यान्सर |
| ३१ | आरोग्य स्वास्थ्य प्रतिष्ठान पुल्चोक ललितपुर | डाइलियासिस, |
| ३२ | नेशनल डाईलियासिस सेन्टर, वसुन्धरा काठमाण्डौं | डाइलियासिस, |
| ३३ | क्यान्सर केयर नेपाल, जावलाखेल ललितपुर | क्यान्सर |
| ३४ | सिद्धार्थनगर सिटी हस्पीटल प्रा.ली वुटवल, रुपन्देही | डाइलियासिस, |
| ३५ | अल्का अस्पताल प्रा.ली जावलाखेल ललितपुर | डाइलियासिस, |
| ३६ | गौतम वुद्ध सामुदायिक मुटु अस्पताल वुटवल, रुपन्देही | मुटुरोग, डाइलियासिस |
| ३७ | चरक मेमोरीयल हस्पीटल प्रा.ली पोखरा | डाइलियासिस, |
| ३८ | हिमाल हसपिटल प्रा.ली वानेश्वर काठमाण्डौं | डाइलियासिस, |
| ३९ | वयोदा हसपिटल प्रा.ली वल्खु काठमाण्डौं | मुटुरोग, डाइलियासिस |
| ४० | काठमाण्डौ क्यान्सर सेन्टर ताथली भक्तपुर | क्यान्सर |
| ४१ | भेनस अस्पताल मध्य– वनेश्वर काठमाण्डौं | डाइलियासिस, |
| ४२ | राष्ट्रिय ट्रमा सेन्टर महाकाल काठमाण्डौं | हेड इन्जुरी,स्पाईनल इन्जुरी |

| | | |
|---|---|---|
| ४३ | नोवेल मेडीकल कलेज शिक्षण अस्पताल मोरङ | मुटुरोग, डाइलियासिस, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ४४ | नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि ललितपुर | क्यान्सर |
| ४५ | विरेन्द्र सैनिक अस्पताल छाउनी | डाइलियासिस, |
| ४६ | सुमेरु सामुदायीाक अस्पताल , धापाखेल ललितपुर | मुटुरोग, डाइलियासिस, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ४७ | ग्रान्डी इन्टरनेशनल हस्पीटल धापासी काठमाण्डौं | डाइलियासिस, |
| ४८ | नेपाल स्वास्थ्य विकास तथा अनुसन्धान सहकारी ली. | डाइलियासिस |
| ४९ | कृिमसन अस्पताल मनिग्राम रुपन्देही | मुटुरोग, डाइलियासिस, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ५० | ग्रीनसिटी अस्पताल प्रा.ली धापासि | डाइलियासिस, |
| ५१ | ओम हस्पीटल एण्ड रिसर्च सेन्टर, चावहिल काठमाण्डौ | डाइलियासिस, |
| ५२ | लेकसिटी हस्पीटल एण्ड कीटिकल केयर प्रा.ली वगालेटोल पोखरा | डाइलियासिस, |
| ५३ | न्यूरो कार्डियो मल्टी स्पेशियालिटी हस्पीटल, मोरङ,विराटनगर | मुटुरोग, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ५४ | घोडाघोडी हस्पीटल प्रा.ली, सुखल कैलाली | सिकलसेल एनिमिया |
| ५५ | मेची अंचल अस्पताल भद्रपुर झापा | डाइलियासिस, |
| ५६ | पुर्पाटुङ विर्ता सिटी अस्पताल विर्तामोड झापा | डाइलियासिस, |
| ५७ | जानकी हेल्थ केयर अस्पताल प्रा.ली जनकपुरधाम, धनुषा | डाइलियासिस, |
| ५८ | महाकाली अंचल अस्पताल ,महेन्द्रनगर | सिकलसेल एनिमिया |
| ५९ | जील्ला अस्पताल वर्दिया | सिकलसेल एनिमिया |
| ६० | जिल्ला अस्पताल नवलपरासी | सिकलसेल एनिमिया |
| ६१ | जिल्ला अस्पताल कपिलवस्तु | सिकलसेल एनिमिया |
| ६२ | धुलिखेल अस्पताल काभ्रेपलान्चोक | मुटुरोग, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ६३ | स्पाईनल इन्जुरी संघ साघां कभ्रेपलान्चोक | स्पाईनल इन्जुरी |

| | | |
|---|---|---|
| ६४ | विराटनगर अस्पताल प्रा.ली, विराटनगर | डाइलियासिस, |
| ६५ | ओम साई पाथीभरा अस्पताल प्रा. लि,भद्रपुर झापा | डाइलियासिस, |
| ६६ | अन्नपूर्ण न्यूरोलोजीकल एण्ड अलाईड साईन्सेज माईतिघर काठमाण्डौं | हेड इन्जुरी,स्पाईनल इन्जुरी |
| ६७ | भरतपुर अस्पताल भरतपुर– चितवन | मुटुरोग, हेड इन्जुरी,स्पाईनल इन्जुरी, डाइलियासिस, |
| ६८ | किष्ट मेडिकल कलेज इमाडोल ललितपुर | डाइलियासिस, |
| ६९ | नेपाल सिटी हस्पिटल भरतपुर चितवन | क्यान्सर |
| ७० | वि एण्ड सि मेडिकल कलेज शिक्षण अस्पतााल झापा | हेड इन्जुरी,स्पाईनल इन्जुरी, |
| ७१ | भरतपुर सेन्ट्रल हस्पिटल चितवन | क्यान्सर |
| ७२ | नेपाल प्रहरी अस्पताल महाराज गंज काठमाण्डौं | मुटुरोग, हेड इन्जुरी,स्पाईनल इन्जुरी, डाइलियासिस, |
| ७३ | ब्लुक्रस हस्पिटल प्रा.ली त्रिपुरेश्वर काठमाण्डौं | डाइलियासिस, |
| ७४ | चुरेहिल हस्पिटल प्रा.ली हेटौडा | हेड इन्जुरी,स्पाईनल इन्जुरी, |
| ७५ | मध्य पश्चिमान्चल क्षेत्रिय अस्पताल सुर्खेत | डाइलियासिस, |
| ७६ | धौलागिरी अंचल अस्पताल वाग्लुङ | डाइलियासिस, |
| ७७ | राप्ती अंचल अस्पताल , तुल्सीपुर दांङ | डाइलियासिस, |
| ७८ | कर्णाली विज्ञान प्रतिष्ठान जुम्ला | क्यान्सर, हेड इन्जुरी,स्पाईनल इन्जुरी, डाइलियासिस, |
| ७९ | गजेन्द्रनारायण सिंह सगरमाथा अंचल अस्पताल, | डाइलियासिस, |
| ८० | शुसिल कोइराला प्रखर क्यान्सर अस्पताल ,खजुरा वाँके | क्यान्सर |

माथि उल्लेखित अस्पताल वाहेक सिफारिस समितिले यस गाँउपालिका अर्न्तगतका विपन्न,असहाय,असक्त तथा अपांङ्ग नागरिकलाई आर्थिक अनुदान दिन आवस्यक ठानेमा सोहि अनुसार निणर्य गर्न सक्ने छ।

## अनुसुची २
## दफा ४उपदफा १ संग सम्वन्धित
## विपन्न नागरिक आवेदन तथा सिफारिस फाराम

श्रीमान् अध्यक्ष ज्यू,

.........................................................................................

देहाय वमोजीम विवरण भरी विपन्न नागरीक औषधी उपचार अनुदानको लागी अनुरोध गर्दछु।

**१ वैयक्तिकः**

विरामिको नाम .................................... उमेर.....................

लिंग................ठेगानाः स्थायी जील्ला ..................................

पालिका....................... वडा नं. ..................

जातिगत विवरण :व्राम्हण/क्षेत्री/आदिवासी/जनजाती/दलित/अल्पसंख्यक

/अन्य

परिवार संख्या......................

**२. आयस्रोतःपेशा र ब्यावसाय**

- परम्परागत कृषिः..................................
- रोजगारी (स्वदेशी/विदेशी)...................................
- उध्यम/ब्यावसाय .....................................

अनुमानित मासिक आय ...........................

**३.जग्गा जमिन**

- (क्षेत्रफल र स्थान समेत)..........................................
- भौतिक संरचना (घर/टहरा आदिको संख्या ..................... कच्ची/पक्की )
- वैंक मौज्दात ....................... सुनचाँदी........................ नगद..............................

**४. विरामीको रोगको किसिम**

मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र थाइराइड रोग वा अन्य कुनै .........................................................

**५ संलग्न कागजातहरु**

(क) विरामीको नागरिकताको प्रतिलिपि (वालकको हकमा जन्म दर्ताको प्रतिलिपि)

(ख) रोग निदान भएको प्रेस्कृप्सन

**६ हाल उपचार भईरहेको अस्पताल**

..........................................................................................

**७. उपर्युत बमोजीमको ब्यहोरा साँचो हो भ्रुठा ठहरे सहुंला वुझाउंला ।**

निवेदकको नाम :

ठेगाना:

दस्तखत:

मिति:

सम्पर्क नं

**८. सिफारिसको ब्यहोरा:**

..........................................................................................

..........................................................................................

..........................................................................................

सिफरिस गर्ने

नाम .............................................

पद ................. ............................ दर्जा ...........................

मिति ................................

कार्यालयको छाप .

## अनुसुचि ४
## दफा ३को उपदफा १संग सम्वन्धित

रोगहरुको उपचार सहुलियत विवरण

| क.स | रोग | सहुलियत रकम (वढिमा) | कैफियत |
|---|---|---|---|
| १ | मृगौला रोग | २५ हजार | |
| २ | मुटु रोग | २५ हजार | |
| ३ | क्यान्सर | २५ हजार | |
| ४ | पर्किन्सन्स | २५ हजार | |
| ५ | अल्जाईमर | २५ हजार | |
| ६ | स्पाईनल इन्जुरी | २५ हजार | |
| ७ | हेड इन्जुरी | २५ हजार | |
| ८ | सिकल सेल एनिमिया | २५ हजार | |
| ९ | विपन्न,असहाय,असक्त तथा अपांङ्ग हरुलाई वडा कार्यालय मार्फत सिफरिस गरिएका अन्य रोगहरुको सिफरिस समितिको मुल्यांकनको आधारमा | १५ हजार | |
| १० | | | |

## अनुसुचि नं ५
## दफा ३.. संग सम्वन्धित

विपन्न नागरिकलाई रोग उपचार अनुदानको लागि सिफारिस गरिएको प्रतिवेदन फारम

मिति

स्थानिय तहको नाम.          महिना ......................... आ.व .................

| क.स | विरामिको नाम | वडा नं | अनुदानकोलागी सिफारिस गरिएको रोगको नाम | सिफारिस गरिएको रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तैयार गर्ने
नाम
पद
दस्तखत

सदर गर्ने
नाम
पद
दस्तखत

## अनुसुचि नं ६

दफा ३.. संग सम्वन्धित

विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य विमाको लागि सिफारिस गरिएको प्रतिवेदन फारम

मिति

स्थानिय तहको नाम. महिना ........................ आ.व ...................

<table>
<tr><th>क.स</th><th>विरामिको नाम</th><th>वडा नं</th><th>निःशुल्क स्वास्थ्य विमाको लागि सिफारिस गरिएको आधारहरु</th><th>सिफारिस गरिएको स्थान</th><th>कैफियत</th></tr>
<tr><td rowspan="6">१</td><td rowspan="6"></td><td rowspan="6"></td><td></td><td rowspan="6"></td><td rowspan="6"></td></tr>
<tr><td></td></tr>
<tr><td></td></tr>
<tr><td></td></tr>
<tr><td></td></tr>
<tr><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

तैयार गर्ने
नाम
पद
दस्तखत

सदर गर्ने
नाम
पद
दस्तखत

प्रमाणीकरण मितिः २०७८/११/१६

आज्ञाले
झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नोट :